# हेटौंडा उपमहानगरपालिका बाल अधिकार संरक्षण नीति, २०७९

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

# विषय सूची

खण्ड १ परिचय ........ 3
१.१ पृष्ठभूमि ........ 3
१.२ बाल संरक्षणको सवाल, कारण र चुनौती ........ 4
१.२.१ सवालहरु ........ 4
१.२.२ कारणहरु ........ 5
१.२.३ चुनौतीहरु ........ 6
१.३ बाल संरक्षणका संस्थागत प्रयासहरु ........ 6
खण्ड २ बाल अधिकार संरक्षणः अर्थ, औचित्य र नीतिगत व्यवस्था ........ 7
२.१ बाल अधिकार र संरक्षण ........ 7
२.२ औचित्य ........ 7
२.३ बाल संरक्षणका महत्वपूर्ण नीतिगत व्यवस्था ........ 7
खण्ड ३ परिकल्पना कथन ........ 10
३.१ निर्देशक सिद्धान्त ........ 10
३.२ लक्ष्य ........ 10
३.३ उद्देश्य ........ 11
३.४ नीति ........ 11
उद्देश्य ३.३.१ संग सम्बन्धीत नीति ........ 11
उद्देश्य ३.३.२ संग सम्बन्धीत नीति ........ 14
उद्देश्य ३.३.३ संग सम्बन्धीत नीति ........ 15
उद्देश्य ३.३.४. संग सम्बन्धीत नीति ........ 15
३.५ रणनीतिहरु ........ 16
खण्ड ४ कार्यान्वयन संयन्त्र र संरचना ........ 16
४.१ संस्थागत संरचना ........ 16
४.२ उपमहानगरपालिका स्तरीय एकिकृत बाल संरक्षण संयन्त्र ........ 17
४.३ सरोकारवाला र भूमिका ........ 17

४.४ उजुरी तथा गुनासो सम्बन्धी व्यवस्था.....17

४.५ अनुगमन तथा मूल्याङ्कन समिति.....18

४.६ नीतिको कार्यान्वयन र प्रसारण.....18

४.७ नीतिको पुनरावलोकन.....18

अनुसूची.....19

अनुसूची १ आंचार संहिता.....19

अनुसूची २ कृयाकलाप.....24

## खण्ड १ परिचय

### १.१ पृष्ठभूमि

बालबालिकाहरुको नैसर्गिक तथा अपरिहार्य अधिकारको हित र सुरक्षालाई हेटौंडा उपमहानगरपालिकाले गम्भिर रुपमा लिएको छ र यसका लागि एक वृहत्तर बाल अधिकार संरक्षण नीतिको आवश्यकता महशुस गरेको छ। बालबालिका राष्ट्रको कर्णधार हुन। उमेर अनुसारको शिक्षा र पालनपोषण, हिंसा, दुर्व्यवहार र उपेक्षाबाट संरक्षण तथा अवसर दिंदा भविष्यमा राष्ट्रले असल नेतृत्व पाउने सम्भावना हुन्छ। बालबालिका आफ्नो संरक्षणका लागि योजना बनाएर कार्य गर्न सक्दैनन् र आफ्नो हित अहित बारे सोच्न सक्दैनन्। त्यसकारण, सजिलै अन्य व्यक्तिहरुले उनीहरुलाई फसाउन सक्दछन्। बढ्दै गएको शहरीकरणको गति, परिवर्तन हुँदै गएको पारिवारिक संरचना, सामाजिक संजालहरुमा बालबालिकाको बढ्दै गएको पहुँच, छोराछोरी (बालबालिका) बीच गरिने परम्परागत विभेद र समुदायमा बाल मनोविज्ञानको ज्ञानको अभाव जस्ता हाम्रा सामाजिक विशेषताहरुले अहिलेको बाल सुलभ आचरणहरुमा परिवर्तन ल्याएको छ जस्ले गर्दा बाल अधिकारको संरक्षण र प्रवर्द्धनमा जटिलता थपेको छ । बालबालिकाहरुको अधिकार संरक्षण गर्नु र संरक्षणको जोखिममा रहेकाहरुका लागि यथाशिघ्र जोखिम व्यवस्थापन गर्नु, सामान्य जीवनयापनमा फर्काउनु र योग्य नागरिक बनाउनु सम्बन्धीत सबै सरोकारवालाहरुको दायित्व हो।

सन् १९८९ मा जारी गरिएको संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धिलाई अनुमोदन गरेर नेपाल सरकारले बाल अधिकार संरक्षणमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता जाहेर गरिसकेको छ । साथै बालबालिकाको हितमा रहेको अन्य धेरै यस्ता आलेख, प्रोटोकल तथा सन्धिहरुलाई समेत अनुमोदन गरिसकेको छ । नेपालको संविधानको धारा ३९ मा मौलिक हकको रूपमा बालबालिकाको हकको व्यवस्था गरिएको छ। त्यस्तैगरी धारा ५१ को राज्यका नीतिहरूमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने व्यवस्था उल्लेख गरिएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा आएको छ। त्यस्तै बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ र नियमावली, २०६२ तथा बालन्यायको क्षेत्रमा छुट्टै बालन्याय (कार्यविधि) नियमावली, २०६३ बनेका छन्। नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिवद्धता र ऐन नियमावलीहरूका प्रावधानहरू अनुरुप बालबालिकाको क्षेत्रमा सन्तोषजनक कार्य प्रगति हुन सकेको छैन।

बालबालिकाको अधिकार संरक्षणमा बालमैत्री स्थानीय शासनको अवधारणा कार्यान्वयनमा आए पछि स्थानीय तहहरुले संरक्षणको नीति कार्यान्वयन गर्दै आईरहेका छन्। विगतको बाल संरक्षणको क्षेत्रमा गरिएका प्रयासहरुलाई संस्थागत गर्दै बालमैत्री वातावरणमा बालबालिकाका सवालहरुको संम्बोधनको लागि बाल संरक्षण संयन्त्रको स्थापना, बाल संरक्षण प्रणाली सुदृढीकरणका लागि हेटौंडा उपमहानगरपालिकाले पनि बाल अधिकार संरक्षण नीति आवश्यक ठानेको छ। हेटौंडा उपमहानगरपालिकाको जनसङ्ख्याको झण्डै आधा हिस्सा ओगटेको बालबालिकाहरुका विभिन्न सवालहरु जस्तैः बालश्रम, बाल विवाह, बाल बेचविखन, बाल यौन दुर्व्यवहार, भेदभाव आदि रहेका छन्। साथै पारिवारिक आर्थिक गरिवी, पारिवारिक झगडाको मारमा परेका र परिवारबाट परित्यक्त बालबालिकाहरु बाल संरक्षणको उच्च जोखिममा रहेका छन्। त्यसकारण बाल

अधिकारको क्षेत्रमा बाल संरक्षण एक महत्वपूर्ण चुनौतीको रुपमा देखिएको छ। नेपालको संवैधानिक व्यवस्था र त्यस अन्तर्गत निर्माण भएका कानूनहरुको परिधिमा रहेर हेटौंडा उपमहानगरपालिकाले बाल अधिकार संरक्षणका साझा मूल्य र मान्यताहरु विकास गर्दै गरी बाल संरक्षण सबैको उत्तरदायित्व हो भन्ने महशुस गर्दै बालबालिकाको सर्वोत्तम हित तथा बालबालिका माथि हुन सक्ने सम्भावित दुर्व्यवहारबाट सुरक्षा तथा संरक्षण गर्न बाल अधिकार संरक्षण नीतिको आवश्यकता महशुस गरिएको छ।

संवैधानिक तथा कानूनी व्यवस्थाहरुको आधारमा हेटौंडा उपमहानगरपालिकाको आफ्नै छुट्टै बाल अधिकार संरक्षण सम्बन्धी नीति नभएकोले र बालबालिका लक्षित कार्यक्रमहरु पनि नीति विना नै कार्यान्वयन भईरहेको अवस्थामा बाल अधिकारका कार्यहरुलाई व्यवस्थित गर्न र हेटौंडा उपमहानगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७७ को कार्यान्वयन गर्न तथा पालिकालाई बालमैत्री बनाउनको लागि यो नीति तर्जुमा गर्न जरुरी भएको हो। साथै हेटौंडा उपमहानगरपालिका बालबालिकालाई भेदभाव, शोषण, उपेक्षा, यौन र शारीरिक दुर्व्यवहारबाट संरक्षण गर्न प्रतिबद्ध छ। यस नीतिको माध्यमबाट बालबालिकाको सर्वोत्तम हितको सुनिश्चित हुने र बाल संरक्षणमा ठोस पहल कदमी पुग्ने, बालबालिका सम्बन्धी कार्यक्रमहरुमा एकरुपता आउने तथा ऐन नियमको प्रभावकारी कार्यान्वयन हुने अपेक्षा गरिएको छ।

## १.२ बाल संरक्षणको सवाल, कारण र चुनौंती

हेटौंडा उपमहानगरपालिकामा बालबालिकाहरु विभिन्न किसिमका जोखिमपूर्ण परिस्थितिमा बाँचिरहेका छन्। बालबालिकाहरु अहिले पनि विभिन्न किसिमका हिंसा, दुर्व्यवहार, शोषण, तिरस्कार, भय एवं भेदभावको शिकार भइरहेका छन् । कुनै न कुनै स्वरुपमा परम्परा वा संस्कृतिको नाममा विगत लामो समयदेखि बालबालिका माथि गलत व्यवहार गरिदैं आएको छ । बालबालिकाहरु विभिन्न जोखिममा रहेका छन् तर उनीहरुको एकिन तथ्याङ्क छैन।

### १.२.१ सवालहरु

हेटौंडा उपमहानगरपालिकाको बाल संरक्षण अवस्था विश्लेषण गर्दा निम्नानुसारका सवालहरु पहिचान गरिएको छः

- पारिवारिक आर्थिक विपन्नतामा परेका बालबालिका,
- पारिवारिक विखण्डनको असरमा परेका बालबालिका,
- परिवार तथा आफन्तबाट परित्यक्त बालबालिका,
- घरबार विहिन परिवारका वा अभिभावकसंग वा सडकमा रहेका बालबालिका,
- दैनिक श्रममा आश्रित परिवारका बालबालिका,
- सडक वा सार्वजनिक स्थानमा आश्रित वा मागेर जीवन निर्वाह गरिरहेका तथा अन्य स्थानबाट आएका बालबालिका,
- अपाङ्गता भएका बालबालिका,
- एचआईभि संक्रमित/प्रभावित र एचआईभि संक्रमित परिवारका बालबालिका,
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका,

- प्रकोप पिडित/प्रभावित बालबालिका,
- जटिल स्वास्थ्य उपचारको समस्यामा रहेका बालबालिका,
- विपन्न दलित परिवारका बालबालिका,
- लागू औषध दुर्व्यसन र कुलतमा फसेका बालबालिका,
- कानूनी विवादमा परेका बालबालिका (पिडित वा साक्षी बालबालिका समेत),
- हराएका वा अलपत्र/बेवारिस अवस्थामा रहेका बालबालिका,
- यौन दुर्व्यवहार, शोषण वा अन्य यौन अश्लिलता वा बेचबिखन तथा ओसारपसारबाट पिडित एवं जोखिममा रहेका बालबालिका,
- जन्मदर्ता वा पहिचानबाट बञ्चित बालबालिका,
- जबरजस्ती बालश्रममा लगाइएका वा जोखिमपूर्ण श्रममा रहेका बालबालिका (निकृष्ट प्रकारको श्रम समेत),
- संस्थागत स्याहार वा बालगृहमा रहेका बालबालिका,
- बाल बिवाह भएका वा हुन सक्ने जोखिममा रहेका बालबालिका,
- विद्युतीय/अनलाईनको माध्यमबाट प्रभावित वा पिडित बालबालिका ।

### १.२.२ कारणहरु

माथि उल्लेखित बाल संरक्षणका सवालहरु विद्यमान हुनुको कारणहरु निम्नानुसार छन्:

- बाल अधिकार र बाल संरक्षणका सवालहरुबारे आम समुदायमा चेतनाको कमी,
- विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन नहुनु,
- परम्परागत हानिकारक अभ्यास तथा सँस्कृति,
- अभिभावकमा जिम्मेवारी बोध नहुनु, बाल मनोविज्ञानमा आधारित तथा बाल्यकालमा आवश्यक सकारात्मक अभिभावकत्वको अभाव,
- प्राविधिक ज्ञानको अभाव,
- बालबालिकाको क्षेत्रमा कार्य गर्ने सरोकारवालाहरुको संस्थागत क्षमता, समन्वय तथा घटना व्यवस्थापन संयन्त्रको अभाव,
- सेवा वितरण र श्रोत साधन परिचालन तथा प्राप्तिमा जोखिममा रहेका बालबालिका तथा उनीहरुका परिवारको न्यून पहुँच/अभाव,
- बालबालिकालाई आयआर्जनको श्रोतको रुपमा प्रयोग गर्नु,
- बालबालिकाका सवालहरुमा उनीहरुको सहभागिता सहितको नियमित अन्तरकृया व्यापक रुपमा हुन नसक्नु,
- बालबालिकाहरुको कमजोर शैक्षिक प्रगती तथा निरन्तर शिक्षा र प्राविधिक सीपको अभाव,
- जोखिममा रहेका वा रहन सक्ने बालबालिकाहरुको (परिवार सहित) पहिचान, परामर्श तथा सेवा वितरणको अभाव,
- घरेलु हिंसामा बालबालिका अभ्यस्त हुनु तथा पारिवारिक समस्याको चपेटामा बालबालिका पर्नु,
- नशालु पदार्थ ओसापसार तथा प्रयोगमा बालबालिकाको दुरुपयोग हुनु,

- बाल पोषणबारे अभिभावकमा न्यून जानकारी हुनु,
- समुदायले छोरी भन्दा छोरालाई उच्च प्राथमिकता दिनु र छोरीलाई दायित्वको रूपमा व्यवहार गर्नु ।

### १.२.३ चुनौतीहरु

बाल अधिकार संरक्षणका सवाल र समाधानबारे विश्लेषण गर्दा निम्नानुसार चुनौती रहेका छन्-

- सिमित स्रोत र साधनको अत्याधिक उपयोग गरी बालबालिकाको हक अधिकारको संरक्षण गर्नु,
- विद्यमान बालबालिकासंग सम्बन्धीत ऐन नियमहरूको प्रभावकारी कार्यान्वयन गर्नु,
- अर्थपूर्ण बाल सहभागिता अभिवृद्धि गर्नु,
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुको विद्यालयमा भर्ना र टिकाउ दर अभिवृद्धि गर्नु,
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई रुचिको आधारमा प्राविधिक सीपमा आवद्ध गराउनु,
- बालबालिकालाई विभेद गर्ने र बाल विकासमा अवरोध श्रृजना गर्ने हानिकारक परम्परालाई समयानुकूल सुधार गर्नु,
- बाल अधिकार र बाल विकास प्रति समुदायलाई संवेदनशिल बनाई सबैमा उत्तरदायित्व र स्वामित्वको बोध गराउनु,
- बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको संस्थागत क्षमता र समन्वय अभिवृद्धि गर्नु,
- जोखिममा रहेका बालबालिकाको श्रोत साधनमा पहुँच अभिवृद्धि गर्नु,
- भौगोलिक अवस्था र जटिलता ।

### १.३ बाल संरक्षणका संस्थागत प्रयासहरु

- बालबालिका सम्बन्धी ऐन, २०७७ जारी
- बालकोष (स्थापना र संचालन) कार्यविधि, २०७९ जारी
- बाल समूह (सञ्जाल) गठन तथा सहजीकरण निर्देशिका, २०७६
- हेटौडा उपमहानगरपालिका एच.आई.भी. संक्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७८
- सुत्केरी स्वास्थ्य जाँच (PNC) र पोषण कोशेली प्रदान गर्ने सम्बन्धी मापदण्ड, २०७६
- नो होम डेलिभरी कार्यक्रम सम्बन्धी मापदण्ड, २०७६
- बाल बिवाह विरुद्धको कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको
- बालमैत्री स्थानीय शासन अवलम्बन गरी पालिकालाई बालमैत्री स्थानीय शासनयुक्त बनाउन विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएको
- वार्षिक नीति, कार्यक्रम तथा बजेट विनियोजनमा बाल अधिकारका पक्षहरु समावेश गरिएको
- अभिभावक विहिन २० जना बालबालिकालाई मासिक २ हजारको दरले भत्ता उपलब्ध

## खण्ड २ बाल अधिकार संरक्षणः अर्थ, औचित्य र नीतिगत व्यवस्था

### २.१ बाल अधिकार र संरक्षण

बाल बालिका सम्बन्धी ऐन, २०७५ अनुसार १८ बर्ष उमेर पूरा नगरेको व्यक्तिलाई बालबालिका भनिएको छ। संयुक्त राष्ट्रसङ्घ 'बाल अधिकार सम्बन्धी महासन्धि १९८९' ले १८ वर्षभन्दा मुनिको उमेर समूह भएका मानवलाई बालबालिका भनी परिभाषा गरेको छ।

शारीरिक र मानिसक अवस्था विश्लेषण गर्दा बालबालिका वयष्क जस्तो परिपक्व नहुने र योजनावद्ध निर्णय गर्न नसक्ने भएकाले उनीहरूलाई विषेश हेरचाह, संरक्षण र सुविधाको आवश्यकता पर्दछ । बाँच्न पाउने, संरक्षित हुन पाउने, विकास गर्न पाउने, सरोकारका विषयमा नीति निर्माण र अर्थपूर्ण सहभागी हुन पाउने अधिकारलाई नै बाल अधिकार भनिन्छ । परिवार, समुदाय र राज्यले बालबालिकालाई शिक्षा, स्वास्थ्य, पोषण, स्याहार र संरक्षणमा ध्यान दिनु पर्दछ । बालबालिकालाई संरक्षण प्रदान गर्दै, बाँच्न पाउने, विकास हुन पाउने र सहभागिता हुन पाउने सुविधा सुनिश्चित राज्यले गर्नुपर्छ । साथै बालबालिकाले खेलकुद, मनोरञ्जन र आराम गर्न पाउनु । कुनै पनि हिंसात्मक तथा सशस्त्र गतिविधिबाट जोगाउँदै, माया र स्नेहका साथ हिँसा, शोषण, दुर्व्यवहार र उपेक्षाबाट मुक्त भई आफ्नो बालापन बिताउन पाउनु बालबालिकाको अधिकार हो ।

### २.२ औचित्य

बाल अधिकार संरक्षण नीतिको औचित्यता निम्नानुसार रहेका छन्-

- बालबालिकाको कल्याणमा मात्र नभई बालबालिकाको अधिकारमा पनि जोड दिन,
- बालबालिका सम्बन्धी ऐन कानूनको संरक्षण र प्रबर्द्धन गर्न,
- बालमैत्री स्थानीय शासन सम्बन्धी राष्ट्रिय रणनीति, निर्देशिका र कार्यान्वयन कार्यविधिलाई कार्यान्वयन गर्ने उपमहानगरपालिकाको दायित्व पूरा गर्न,
- बालबालिकाका सवालहरु संम्बोधन गरी उनीहरुको अवस्थामा परिर्वतन ल्याउन,
- बालमैत्री स्थानीय शासनको कार्यान्वयन, नीति, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई बालमैत्री बनाई बाल संरक्षण (बाल अधिकार) सुनिश्चित भएको उपमहानगर निर्माण गर्न,
- बालबालिकालाई नियन्त्रण र शारीरिक सजाय दिने जस्ता सोचाई र भावनामा आएको परिवर्तनलाई आत्मसाथ गर्दै विद्यालयको शिक्षण सिकाईलाई समावेशी र हिँसा रहित बनाउन,

### २.३ बाल संरक्षणका महत्वपूर्ण नीतिगत व्यवस्था

बाल अधिकार संरक्षणको सम्बन्धमा भएका महत्वपूर्ण नीतिगत व्यवस्थाहरुः

**नेपालको संविधान, २०७२**

नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत धारा ३९ मा बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसमा निम्न कुराहरु उल्लेख गरिएको छः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।
(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानस्रिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल नयायको हक हुनेछ ।
(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
(१०) उपधारा (४), (५), (६) र (७) विपरितका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**बालबालिका सम्बन्धी ऐन, २०७५**

प्रत्येक बालक जन्मे पछि निजको बाबु भए बाबुले बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृती र चलन अनुसार बालकको नाम राखिदिनु पर्दछ। बालकको बाबु, आमा वा परिवारको अन्य कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखि दिनु पर्ने व्यवस्था ऐनमा उल्लेख छ। साथै बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त नीजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरन्जनको सुविधाहरूको व्यवस्था गर्नु पर्दछ भनि ऐनमा उल्लेख छ।

**स्थानीय सरकार संचालन ऐन, २०७४**

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न र बाल संरक्षण कार्यलाई प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारलाई जिम्मेवार बनाएको छ। उक्त ऐनमा स्थानीय सरकारले स्थानीय आवश्यकताको आधारमा बाल अधिकारको सम्बर्द्धन तथा प्रवर्द्धन गर्न स्पष्ट कानूनी व्यवस्था गरेकोछ साथै बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी पनि पालिकालाई दिएको छ।

**बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९**

यस नीतिले बालबालिकाको सर्वोत्तम हितको लागि बालबालिका सम्बन्धी ऐन, नियममा सुधार गर्ने, विभिन्न निकायको बालबालिका सम्बन्धी कार्यक्रममा एकरुपता आउने, ऐन नियमको प्रभावकारी कार्यान्वयन हुने र बालबालिकाको हक हितसंग सम्बन्धीत संस्थाको सुदृढीकरण गर्ने ठानिएको छ।

**बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ तथा नियमावली २०६२**

कसैले पनि बालकलाई ललाई, फकाइ वा झुक्यायर वा कुनै पनि प्रलोभनमा वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले नीजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाउनु हुदैन भन्ने व्यहोरा ऐनको

दफा ४ मा उल्लेख भएको छ। यसैगरी बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टा भन्दा बढि अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुदैन भन्ने व्यहोरा दफा ९(३) मा रहेको छ। ऐनको दफा १० (१) ले प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाई लिङ, वर्ण, धर्म वा जातजातीको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्ने व्यवस्था गरेको छ। ऐनको दफा ११ ले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नु पर्ने प्रावधान राखेको छ।

**अन्य नीतिगत ब्यवस्थाहरु**

- बालबालिका सम्बन्धी नियमावली, २०७८
- बाल हेल्पलाईन कार्यविधि, २०७६
- संबैधानिक घोषणाहरू जस्तै दलित, महिला, बालबालिकाको हकमा बिशेष प्रावधान सहित सकारात्मक विभेद गर्न सकिने
- मानव वेचविखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र नियमावली २०६७
- मुलुकी देवानी संहिता ऐन, २०७४
- पन्ध्रौ योजना (२०७६/७७ - २०८१/८२)

## खण्ड ३ परिकल्पना कथन

### ३.१ निर्देशक सिद्धान्त

बाल अधिकार संरक्षण नीतिका लागि निम्न उल्लेखित निर्देशक सिद्धान्तहरु अवलम्वन गरिनेछः

- **विभेद रहित व्यवहार**

  सबै बालबालिकाहरूलाई उनीहरूको पृष्ठभूमि, लिङ्ग, शारीरिक वनौट, यौनिकता, वर्ण, उमेर, समूह, भाषा, धार्मिक वा व्यक्तिगत विचार, स्वास्थ्य स्थिति, आर्थिक स्थिति, पारिवारिक पृष्ठभूमि वा जातीयताको आधारमा कुनै प्रकारको विभेद गरिने छैन।

- **सर्वोत्तम हित**

  शासन संचालनका हरेक पक्षमा बालबालिकाको सर्वोतम हितलाई ध्यानमा राखिनेछ। सरकारी तथा गैरसरकारी क्षेत्रबाट हुने साधनश्रोतको वितरण, सेवा प्रवाह र विकास क्रियाकलापमा बाल अधिकार सुनिश्चित गरिनेछ। समाज र घर परिवारले गर्ने व्यवहारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ।

- **बालबालिकाको विचारको कदर**

  बालबालिकासँग सम्बन्धीत निकायहरुमा बालबालिकाहरुको परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिने छ। बाल सवालहरुसंग सम्बन्धीत नीतिगत व्यवस्था गर्दा तथा कार्यक्रमहरु विकास गर्दा बालबालिकाको विचारको कदर गरिनेछ।

- **शुन्य सहनशिलता**

  बालबालिकाको सुरक्षालाई उच्च प्राथमिकता दिदैं बालबालिका माथि हुने सबै प्रकारका हिंसा, विभेद, उपेक्षा, शोषण तथा दुर्व्यवहारको लागि शून्य सहनशीलताको सिद्धान्त अवलम्बन गरिनेछ।

- **गोपनियता**

  प्रत्येक बालबालिकाको गोपनियताको हकको पहिचान गरी आदर गरिनुका साथै बालबालिकाद्वारा व्यक्त विचारको कारण हुन सक्ने जोखिमबाट उनीहरुलाई सुरक्षित गरिनेछ।

- **मुलप्रवाहीकरण**

  बाल अधिकार संरक्षणको विषयलाई वार्षिक नीति, योजना, कार्यक्रम र कार्य पद्धतिमा समाहित गरी बालबालिकाका सवालहरुलाई मुलप्रवाहीकरण गरिनेछ।

- **आंचार संहिताको तर्जुमा र पालना**

  बालबालिकासंग नियमित सम्पर्कमा रहने व्यक्ति, निकाय, समिति तथा बालबालिकाको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुलाई आंचार संहिता तर्जुमा गरी अनिवार्य पालना गर्नुपर्ने व्यवस्था गरिनेछ।

### ३.२ लक्ष्य

न्यायपूर्ण र बालमैत्री शासनको अवधारणा अनुरुप सबै बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्दै बाल अधिकारको प्रवर्द्धन गर्ने ।

## ३.३ उद्देश्य

हेटौंडा उपमहानगरपालिकामा विद्यमान बाल संरक्षणका सवालहरुलाई सम्बोधन गर्नको लागि निम्नानुसार उद्देश्यहरु तय गरिएका छन्:

३.३.१. बालबालिकाको बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै बालबालिका माथि हुने सबै प्रकारका हिंसा, विभेद, उपेक्षा, शोषण तथा दुर्व्यवहारबाट संरक्षण गर्ने ।

३.३.२. बालबालिकाहरुको सर्वाङ्गीण हितको लागि सरोकारवालाहरुसँग समन्वय, सहकार्य र बालबालिकाको सहभागिता र विकासलाई जोड दिने ।

३.३.३ समुदायमा आधारित बाल संरक्षण प्रणालीको सुदृढीकरण गर्ने ।

३.३.४. बाल संरक्षण सम्बन्धी आंचार संहिता निर्माण गरी पालना गर्ने र गराउने।

## ३.४ नीति

माथि उल्लेखित उद्देश्यहरु पूरा गर्नको लागि निम्नानुसारको नीतिहरु तय गरिएका छन्:

**उद्देश्य ३.३.१ संग सम्बन्धीत नीति- बालबालिकाको बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै बालबालिका माथि हुने सबै प्रकारका हिंसा, विभेद, उपेक्षा, शोषण तथा दुर्व्यवहारबाट संरक्षण गर्ने**

१. बालबालिकाको पहिचान स्थापित गर्नको लागि यस उपमहानगरपालिकाभित्रका सबै उमेर समूहका बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्न सरलिकृत व्यवस्था मिलाइने छ। साथै जन्मदर्ता सम्बन्धमा कानूनी प्रावधान, प्रक्रिया तथा जन्मदर्ताको महत्वबारे सबै वडाहरुमा सेचतना अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ।

२. गर्भावस्थाको भ्रुणको लिंङ्ग पहिचान गर्ने र गर्भ पतन गर्ने कार्यलाई अन्त गरिनेछ। प्रजनन् स्वास्थ्यबारे स्वास्थ्य शाखाको समन्वयमा किशोरीहरुका लागि प्रजनन् स्वास्थ्य सचेतिकरण कार्यक्रम संचालन गरिनेछ।

३. शिशु जन्मनु अघि र पछि आवश्यक स्याहार र स्वास्थ्य उपचार सेवा सहज तथा निःशुल्क रुपमा पाउने व्यवस्था गरिनेछ। साथै सरुवा रोग व्यवस्थापन र परिवार स्वास्थ्य बिमा बारेमा वडा स्तरीय स्वास्थ्य संस्थामार्फत सामुदायिक सचेतीकरण कार्यक्रम संचालन गरिनेछ।

४. गर्भवती महिलाले कम्तिमा दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने व्यवस्था मिलाउन स्वास्थ्य संस्थाहरुको सामर्थ्य स्तरीकरण गर्दै लगिनेछ।

५. बाल पोषण स्थितिको समस्या रहेको स्थानहरुमा बालबालिकाको पोषण स्थिति सुधार कार्यक्रमहरू संचालन गरिनेछ र अन्य स्थानहरुमा पनि बाल पोषण सम्बन्धी अभिमूखीकरण कार्यक्रम संचालन गरिनेछ।

६. घर तथा विद्यालयमा जंकफुड प्रयोग न्यूनीकरण गर्ने अभियान संचालनको व्यवस्था गरिनेछ।

७. ५ वर्ष मूनिका बालबालिकाहरुमा देखिन सकिने स्वास्थ्य समस्याहरुलाई समाधान गर्नको लागि महिला सामुदायिक स्वास्थ्य स्वंयमसेविका मार्फत सामुदायिक जनचेतना अभिवृद्धि अभियान सञ्चालन गरिनेछ।

८. पारिवारिक स्वास्थ्य संवेदनशिलतामा ध्यान दिनको लागि सबैको घरमा स्वच्छ खानेपानी, स्वच्छ चर्पी र सुरक्षित हातधुने बानीको विकास गर्नको लागि सरोकारवालासंगको समन्वय र सहकार्यमा सामुदायिक जनचेतना अभिवृद्धि अभियान गरिनेछ।

९. सबै बालबालिकालाई सरकारले उपलब्ध गराउने सबै प्रकारका खोपहरु सहज रुपमा उपलब्ध गराईनेछ।

१०. बाल दुर्व्यवहार, हिँसा, भेदभाव र उपेक्षा अन्त्यका लागि सरोकारवालाहरुको समन्वयमा निरन्तर सामुदायिक अभियान संचालन गरिने व्यवस्था मिलाईनेछ।

११. बाल अधिकार संरक्षणका विषयवस्तुलाई उपमहानगरपालिकाको लक्ष्य, नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गरिनेछ।

१२. बालबालिका माथि हुने सबै प्रकारका दुर्व्यवहार, वञ्चितीकरण, शोषण, हिंसा र भेदभाव तथा शारीरिक सजाय एवम् यातनाबाट संरक्षित गर्न संघीय नीतिगत व्यवस्थाको आधारमा ऐन कानून तथा रणनीतिक योजना र कार्यविधि तर्जुमा र प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईनेछ।

१३. विद्युतीय/अनलाईनको कुनै पनि माध्यमको (जस्तै फेसवुक, इमेल, भाईवर, ह्वास्टअप, ईस्टाग्राम र च्याट आदि) दुरुपयोग वा संभावित दुरुपयोगबाट बाल संरक्षणमा हुने वा संभावित जोखिमको अवस्थालाई मध्यनजर गरी त्यस्ता विद्युतीय/अनलाईनको प्रयोग र बाल सुलभ आचरणमा पर्न सक्ने असरहरुबारे सामुदायिक सकारात्मक अभिभावकत्व तथा बालसंरक्षण सम्बन्धी तालिम संघसंस्थाको सहकार्यमा संचालन गर्ने व्यवस्था गरिनेछ।

१४. बाल संरक्षणको उच्च जोखिममा परेका बालबालिकाको लागि घटना व्यवस्थापन प्रणालीमा आधारित उद्धार तथा राहत, पुनर्स्थापन सहितको सामाजिक तथा आर्थिक सेवा प्रदान गर्न बाल कोषको स्थापना गरिनेछ। साथै यस कोषबाट आकस्मिकता (प्राकृतिक प्रकोप) मा परेका र जटिल स्वास्थ्य उपचारको समस्यामा रहेका बालबालिकालाई सामाजिक र आर्थिक सहयोग गरिनेछ।

१५. बाल गृहमा आश्रित बालबालिकालाई कुनै पनि किसिमको हिँसा, दुर्व्यवहार, अपहेलना तथा उपेक्षा गर्न पाईने छैन। बाल गृहहरुको नियमित अनुगमन गरिनेछ र नियमानुसार संचालन हुन नसकेका गृहको हकमा कानून अनुसार कार्वाहीको लागि सिफारिस गरिनेछ।

१६. बाल विवाह र बालश्रम विरुद्ध एकिकृत कार्य संचालन गर्न सरकारी तथा गैरसरकारी संस्थाहरुको साझेदारी कार्यक्रम संचालन गरिने छ र सरोकारवालाहरुको समन्वय र सहकार्यमा समुदाय स्तरका विभिन्न सचेतीकरण कार्यक्रमहरु प्रभावकारी रुपमा गर्नको लागि सरोकारवालाहरुलाई परिचालन गरिनेछ।

१७. बाल विवाह र बालश्रम न्यूनीकरणका लागि कार्ययोजना सहित आवधिक रणनीतिक योजना तर्जुमा गरिनेछ।

१८. बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सुदृढीकरण गरी बालश्रम प्रयोगलाई निरुत्साहित गरिनेछ। उद्धार गरिएका बालश्रमिकको व्यवस्थापनका लागि घटना व्यवस्थापन प्रणालीमा आधारित आवश्यक कार्य गरिने छ। साथै निकृष्ट लगायत सबै प्रकारको बालश्रमको अन्त्य र नियन्त्रणका लागि कार्ययोजना तयार गरी संचालन गरिनेछ।

१९. बाल बेचविखन र ओसारपसार विरुद्धको सामुदायिक अभियान संचालन गरिनेछ। बेचविखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाका सुरक्षाको प्रत्याभूति, आवश्यक सहयोग, पारिवारिक पुनर्स्थापनाको व्यवस्था गरिनेछ।

२०. एचआईभि/एड्स संक्रमित बालबालिकाको स्वास्थ्य सेवामा पहुँच सहज बनाइनेछ। एचआईभी र एड्स विरुद्धको शिक्षा सम्बन्धमा सामुदायिक चेतना अभिवृद्धिको व्यवस्था गरिनेछ। एचआईभी र एड्सबाट

संक्रमित तथा प्रभावित बालबालिकाको अभिलेख राख्ने व्यवस्था गरिनेछ र उनीहरुको स्वास्थ्य उपचार, पोषण लगायतका आधारभूत सेवा, पारिवारिक, सामुदायिक तथा संस्थागत पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ। संक्रमित बालबालिकाको गोपनियता कायम गरिनेछ। आमाबाट शिशुमा हुने एचआइभी संक्रमण नियन्त्रण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

२१. आन्तरिक रुपमा विस्थापित हुन पुगेका बालबालिकाको सम्पूर्ण विवरण अभिलेख गरिनेछ र आधारभूत सेवा सुविधामा पहुँचको सुनिश्चितताको व्यवस्था गरिनेछ।

२२. अपाङ्गता भएका बालबालिकाको अभिलेख दुरुस्त र उपलब्ध सेवा सुविधा प्राप्तिमा सहयोग गर्ने व्यवस्था मिलाइनेछ। अपाङ्गताका विविध सवालहरु, रोकथामका उपाय, सेवासुविधा र हेरचाहको बारेमा जागरणका कार्यक्रम संचालन गरिनेछ।

२३. अपाङ्गता भएका बालबालिकाको निःशूल्क शिक्षामा सहयोग गरिनेछ। उनीहरुको विशेष शिक्षा कार्यक्रमलाई थप समावेशी बनाईदै लगिनेछ।

२४. अपाङ्गताको प्रकृति अनुसार वर्गीकरण गर्ने र निःशूल्क स्वास्थ्य सेवा प्राप्तिमा सहज पहुंच र आवश्यक सहयोगको व्यवस्था सुनिश्चित गरिनेछ। गम्भीर अवस्थाका अपाङ्गता भएका बालबालिकाको लागि आवास तथा पुनःस्थापना केन्द्रको पहल गरिनेछ।

२५. अभिभावक विहिन बालबालिकाको पहिचान गरि अभिलेख राख्ने व्यवस्था गरिनेछ। शिक्षा, स्वास्थ्य, पालनपोषण र रेखदेखको व्यवस्था गर्न हर सम्भव प्रयास गरिनेछ। नातेदार वा आफन्तको हेरचाहमा रहने व्यवस्था, फोष्टर केयर, वैकल्पिक स्याहार केन्द्रमा रहने व्यवस्था कानून सम्मत मिलाईनेछ। उमेर अनुसारको व्यवसायिक तालिम, शिक्षा, जिविकोपार्जन, पालनपोषण भत्ता जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।

२६. पारिवारिक विखण्डनको असरमा परेका बालबालिका र परिवार तथा आफन्तबाट परित्यक्त बालबालिकाको पहिचान गरि अभिलेख राख्ने व्यवस्था गरिनेछ। स्वास्थ्य, पालनपोषण र रेखदेखको व्यवस्था गर्न हर सम्भव प्रयास गरिनेछ। वैकल्पिक स्याहार केन्द्रमा रहने व्यवस्था कानून सम्मत मिलाईनेछ। उमेर अनुसारको व्यवसायिक तालिम, शिक्षा, जिविकोपार्जन, पालनपोषण भत्ता जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ।

२७. दैनिक श्रममा आश्रित परिवारका बालबालिका तथा अति विपन्न परिवारका बालबालिकाहरुको सामाजिक र आर्थिक उन्नतीको लागि आवश्यक सहयोग गरिनेछ।

२८. सडक वा सार्वजनिक स्थानमा आश्रित वा मागेर जीवन निर्वाह गरिरहेका तथा अन्य स्थानबाट आएका बालबालिकाहरुको अभिलेख दुरुस्त गरिने व्यवस्था मिलाइनेछ। संघसंस्थाको सहयोग एवम् सहकार्यमा सडकमा आएका बालबालिकालाई उद्धार गरी अल्पकालिन स्याहार केन्द्रमा मनोसामाजिक परामर्श सहित सेवा दिईने र आवश्यकता अनुसार पारिवारीक पुनःर्मिलनको व्यवस्था गरिनेछ। सडक आश्रित बालबालिकाको उपश्थितिबारे नियमित अनुगमन गरिनेछ।

२९. हराएका वा अलपत्र अवस्थामा भेटिएका बालबालिकाको उद्दार गर्ने, अल्पकालिन स्याहार केन्द्रमा सेवा दिई अभिभावकको खोजी, परामर्श, परिवारमा पुनर्एकीकरण र पुनर्स्थापना जस्ता कार्यहरुलाई बालहेल्पलाईन (१०९८) तथा अन्य संघसंस्थाहरुको समन्वयमा थप प्रभावकारी बनाउदैं लगिनेछ।

३०. लागू औषध दुर्व्यसन र कुलतमा फसेका बालबालिकाको पुर्नस्थापनाका लागि गैरसरकारी संस्था र निजी क्षेत्रसंग समन्वय गरी उपचारात्मक तथा मनोविमर्शात्मक सहयोग कार्यक्रमहरू संचालन गरिनेछ।

**उद्देश्य ३.३.२ संग सम्बन्धीत नीति- बालबालिकाहरुको सर्वाङ्गीण हितको लागि सरोकारवालाहरुसँग समन्वय, सहकार्य र बालबालिकाको सहभागिता र विकासलाई जोड दिने**

१. बालबालिकाको लागि गरिने लगानी योजना तर्जुमा कार्य बालभेला मार्फत गरिनेछ र उक्त बालभेलाबाट माग भै आएका योजनाहरु हेटौंडा उपमहानगरपालिकाको नीति, कार्यक्रम तथा बजेटमा समावेश गरिनेछ।
२. सरकारी तथा गैरसरकारी निकाय वा संस्थाबाट कार्यान्वयन गरिने बालबालिकासंग सम्बन्धीत कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन र मूल्यांकन लगायत उनीहरूलाई असर पार्ने विषयमा गरिने निर्णयहरुमा उनीहरुको सहभागी हुने व्यवस्था गरिनेछ र निर्णय लेखनमा उनीहरुले व्यक्त गरेका विचारलाई निजको परिपक्वता अनुसार उचित स्थान दिईनेछ ।
३. हेटौंडा उपमहानगरपालिकामा गठन गरिने बालबालिका सम्बन्धी कुनै पनि समिति, समूह वा सजांलमा बालबालिकाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।
४. बालबालिका सम्बन्धी नीति, ऐन तथा नियमहरूमा आफ्नो सरोकारको कुनै पनि विषयमा जानकारी लिने र सु–सूचित भई विना भेदभाव उनीहरुले अर्थपूर्ण सहभागिता हुन पाउने अधिकार सुनिश्चित गरिनेछ।
५. बालबालिकासँग सम्बन्धीत कुनै पनि न्यायिक वा प्रशासनिक काम कारबाहीमा निजलाई प्रत्यक्ष रुपमा, प्रतिनिधि मार्फत वा कुनै उपयुक्त निकायद्वारा सुनुवाई गर्ने मौका प्रदान गरिनेछ।
६. विद्यालय, समुदाय लगायत बालबालिका सामूहिक र संस्थागत रुपमा रहने क्षेत्रहरूमा बालसमूह स्थापना गरी उपमहानगरपालिका स्तरमा उनीहरुको संजाल गठन तथा विस्तार गरिनेछ। बालसमूह तथा संजाल संचालनकालागि आवश्यक आंचार संहिता जारी गरिनेछ।
७. बालबालिकाद्वारा अभिव्यक्त विचार, जानकारी तथा सूचनाको संप्रेषणले उनीहरूलाई हुन सक्ने जोखिमबाट जोगाउन गोपनीयता सुनिश्चित गरिनेछ।
८. विद्यालयमा शारीरिक तथा मानसिक सजायमुक्त बालमैत्री शिक्षण–सिकाई वातावरणको विकास र विस्तार गर्न सबै विद्यालयहरुसंग योजनावद्ध रुपमा निरन्तर सहकार्य गरिनेछ।
९. बाल अधिकारमुखी दृष्टिकोणबाट स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयहरुमा पठनपाठन गराईनेछ। विद्यालयलाई दण्ड/हिंसा रहित शिक्षण पद्धतिहरू भएको र अभिभावक, शिक्षक र अभिभावकहरुको सक्रियतामा शान्ति क्षेत्रको रुपमा स्थापित गरिनेछ।
१०. विद्यालय शिक्षाबाट बाहिर रहेका युवा बालबालिकाहरुको शिक्षामा निरन्तरता र युवा बेरोजगारी अन्त्यको लागि व्यावसायिक/प्राविधिक सीपमुलक तालिम लिन सकिने व्यवस्था गरिनेछ।
११. बालबालिकाको अवस्थाबारे अध्ययन गरी स्थिती विवरण प्रकाशन र आवश्यकता अनुसार अध्यावधिक गरिने व्यवस्था मिलाईनेछ।
१२. बाल बगैंचा सहितको नमूना बालमैत्री सिकाई स्रोतकेन्द्र आवश्यकता अनुसार संचालनमा ल्याउने र क्रमशः विस्तार गर्दै लैजाने व्यवस्था गरिनेछ।

१३. उपमहानगरपालिका स्तरीय सामाजिक समावेशी अवधारणामा आधारित बालसमूह संजाल गठन गरी क्रियाशिल गरिनेछ।
१४. उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालय तथा बालसमूहलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।
१५. छात्राहरुको शिक्षण सिकाईमा थप सहयोग गर्न सबै विद्यालयहरुमा छात्रामैत्री शौचालय भएको सुनिश्चित गरिनेछ।

**उद्देश्य ३.३.३ संग सम्बन्धीत नीति- समुदायमा आधारित बाल संरक्षण प्रणालीको सुदृढीकरण गर्ने ।**

१. बाल अधिकार संरक्षणको पूर्ण प्रत्याभूत गर्न वडाहरुलाई प्रमुख उत्तरदायी वडाको रुपमा विकास गरिनेछ र आवश्यकता अनुसार क्षमता विकास, परिचालन तथा क्रियाशिलतामा जोड दिदै समुदायमा आधारित बाल संरक्षण प्रणालीको आधारको रुपमा सुदृढ गरिनेछ।
२. विषयगत शाखा/महाशाखा सहित उपमहानगरपालिका र अन्य सरोकारवाला साझेदारहरूको मानवीय सहायताको आवश्यकताको अवस्थाहरू लगायत बाल संरक्षणका समस्याहरुको प्रतिकार्य र रोकथाम गर्न कार्यक्रम तथा बजेट विनियोजनको व्यवस्था गरिनेछ।
३. बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा राष्ट्रिय–अन्तर्राष्ट्रिय गैरसरकारी सघसंस्थाहरूलाई अनिवार्य रुपमा बाल अधिकार संरक्षण नीति/योजना बनाई कार्य गर्ने व्यवस्था मिलाईनेछ र सोको लागि अनुगमन संयन्त्र सहित अनुगमन गरिनेछ। यसरी अनुगमन गर्दा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरु समेत समावेश गरिनेछ।
४. बाल अधिकार संरक्षणको प्रभावकारीताको सम्बन्धमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परीक्षण, नमुना तथ्यांक संकलन, विभिन्न विषयगत शाखाको सेवा प्रवाह तथ्यांक विश्लेषण ईत्यादी जस्ता विधिहरुको अवलम्बन गरिनेछ।
५. हेटौंडा उपमहानगरपालिका क्षेत्रमा रहेका संस्था/समूह/संजाल/समितिहरु जस्तै बालमैत्री स्थानीय शासन समिति, बाल अधिकार समिति, वडा बाल अधिकार समिति, टोल विकास समिति लगायत सम्पूर्ण संगठित समूहहरुको क्षमता अभिवृद्धि गरी जवाफदेहिता वहन गर्ने लगाईनेछ।
६. बाल अधिकार संरक्षणको प्रवर्द्धनको लागि सरकारी तथा गैरसरकारी निकायबाट संचालित कार्यक्रम तथा परिचालन हुने स्रोतसाधनहरुको जानकारी नियमित रुपमा विभिन्न माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।
७. नगर स्तरीय बाल अधिकार समितिलाई बाल संरक्षण सिफारिस प्रणालीको आधार विन्दुको रुपमा विकसित गरी सरोकारवाला निकायसंगको सहकार्यमा प्रभावकारी बनाइनेछ।
८. बाल अधिकार संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न विषयगत क्षेत्र, स्थानीय संघसंस्था, विकासका सांझेदार र नागरिक समाजसँग आवश्यक सहकार्य गरिनेछ।

**उद्देश्य ३.३.४. संग सम्बन्धीत नीति- बाल संरक्षण सम्बन्धी आंचार संहिता निर्माण गरी पालना गर्ने र गराउने।**

बालबालिकाको क्षेत्रमा कार्यरत सरोकारवालाहरु सरकारी तथा राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरुलाई बाल अधिकार संरक्षण सम्बन्धी अनिवार्य आंचार संहिता सहित काम गर्ने व्यवस्था गरिनेछ र आंचार संहिता पालना भए नभएको सम्बन्धमा अनुगमन गरिनेछ। बाल अधिकार प्रत्याभूत गर्नकोलागि हेटौंडा

उपमहानगरपालिका, सम्पूर्ण महा/शाखाहरु र सबै तहका कर्मचारीहरु, उपमहानगरपालिकाको क्षेत्रभित्र कार्यक्रम संचालन गर्ने सम्पूर्ण संघसंस्थाहरु, सबै प्रकारका व्यावसायिक संघसंस्थाहरु, नगरमा बसोवास गर्ने मानिसहरु, बालबालिकाहरु, उनीहरुका परिवार तथा अभिभावक, विद्यालय तथा बालबालिका स्याहार केन्द्र तथा बालगृह लगायत सबै सरोकारवालाहरु यस आंचार संहिताको दायरा भित्र पर्दछन् । **अनुसूची-१** मा व्यवस्था गरिएको बाल अधिकार संरक्षण आंचार संहिता कार्यान्वयन गरिनेछ।

माथि उल्लेखित नीतिगत उद्देश्यहरु हासिल गर्नको लागि **अनुसूची-२** मा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

### ३.५ रणनीतिहरु

बाल अधिकार संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

१. बालबालिकासँग सम्बन्धीत सेवाहरुको प्रभावकारि वितरणकोलागि पारदर्शिता सहित सार्वजनिक रुपमा जवाफदेही बन्ने।
२. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति अनुसारको बालमैत्री युक्त स्थानीय शासन भएको हेटौंडा उपमहानगरपालिका स्थापित गर्ने।
३. बाल संरक्षणका लागि पैरबी तथा सामुदायिक सचेतीकरणमा जोड दिने।
४. संस्थागत क्षमता विकास र परिचालनमा जोड दिदै बाल संरक्षण प्रणालीलाई संस्थागत गर्ने।
५. स्थानीय स्रोतको पहिचान तथा उच्चतम परिचालन गर्ने।
६. आचार संहिताको पूर्ण कार्यान्वयनमा जोड दिने।
७. नतिजामुखी एकीकृत योजना तयारी गर्ने।
८. घटना व्यवस्थापन तथा सिफारिस प्रणाली संयन्त्रको विकास र अवलम्वन गर्ने।
९. विद्यालय शान्तिक्षेत्र घोषणा निर्देशिका, २०६८ कार्यान्वयन तथा पूर्ण पालना गर्ने।
१०. प्रभावकारी अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन गर्ने।

## खण्ड ४ कार्यान्वयन संयन्त्र र संरचना


यस नीतिको कार्यान्वयन र नीतिको आधारमा कार्य योजना निर्माण र संघसंस्थाहरुको समन्वयात्मक सहकार्य र लागत साझेदारी गर्नको लागि हेटौंडा उपमहानगरपालिका सदैव तत्पर रहनेछ र बाल अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न बाल अधिकार सम्बन्धी सिद्धान्तमा आधारित भई बाल संरक्षणका सवालहरुलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको विकास र सुदृढिकरण गर्न र बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन हेटौंडा उपमहानगरपालिका प्रतिवद्धता व्यक्त गर्दछ।

### ४.१ संस्थागत संरचना

नीतिको कार्यान्वयनको जिम्मेवारी उपमहानगरपालिकाको हुनेछ र विशेषतः बाल अधिकार समितिलाई मूख्य विभागिय जिम्मेवारी रहनेछ। बालबालिकाको सर्वोत्तम हित र अधिकार संरक्षणको लागि उपमहानगरपालिका र वडा स्तरिय बाल अधिकार समितिको संरचना, काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिए बमोजिम हुनेछ। नीतिको प्रभावकारी कार्यान्वयनकालागि संघीय सरकार, प्रादेशिक सरकार, सरोकार मन्त्रालय, प्रदेश स्तरीय

बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषद, जिल्ला अदालत लगायत बालबालिका सम्बन्धी काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था तथा सरोकारवालाहरुसंग आवश्यकता अनुसार समन्वय गरिनेछ। बाल अधिकार संरक्षण नीति कार्यान्वयनको लागि एकिकृत बाल संरक्षण संयन्त्रको विकास र दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।

## ४.२ उपमहानगरपालिका स्तरीय एकिकृत बाल संरक्षण संयन्त्र




## ४.३ सरोकारवाला र भूमिका

बाल संरक्षणको नीतिको कार्यान्वयनमा सरोकारवालाहरुको भूमिका महत्वपूर्ण रहेको हुन्छ। बाल अधिकार संरक्षणको विषय केवल महिला, बालबालिका शाखासंग मात्र सम्बन्धीत नभई पालिकाको सेवा प्रवाह गर्ने सबै शाखा तथा कार्यालयहरु र गैरसरकारी संस्थाहरुसंग पनि सम्बन्धीत विषय हो। हेटौंडा उपमहानगरपालिकाको बाल संरक्षण क्षेत्रमा कार्य गर्ने संस्थाहरु समय अनुसार परिवर्तन भइरहन्छन् तर पनि सरोकारवालाहरुको भूमिका महत्वपूर्ण हुन्छ। सरोकारवालाहरुले नीति र कृयाकलापहरुलाई कार्यान्वयनमा ठूलो भूमिका राख्दछन् र उपमहानगरपालिकाले वार्षिक रुपमा सरोकारवालाहरुको सेवा विवरण सहित सरोकारवालाहरुको विवरण अध्यावधिक गर्ने व्यवस्था गर्नेछ र आवश्यकता अनुसार नियमित बैठकको व्यवस्था गरिनेछ ।

## ४.४ उजुरी तथा गुनासो सम्बन्धी व्यवस्था

कुनै संस्था, व्यक्ति वा निकाय लगायत सरोकारवालाले यस नीतिको प्रतिकुल हुने गरी कार्य गरेमा, बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा, सो बारेमा जो सुकैले बाल अधिकार समिति वा न्यायिक समितिमा उजुरी गर्न सक्नेछ । यसरी परेको उजुरी माथी प्रचलित कानूनमा भएको व्यवस्था अनुसार छानविन गरी आवस्यक कार्वाही बढाउने व्यवस्था गरिनेछ।

### ४.५ अनुगमन तथा मूल्याङ्कन समिति

हेटौंडा उपनगरपालिकाले बाल संरक्षण नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनकालागि उपमहानगरपालिकाको उपप्रमुखको संयोजकत्वमा, बाल अधिकारको क्षेत्रमा सक्रिय रुपमा कार्यरत, सामाजिक कार्यकर्ता, कानूनविद्, मनोसामाजिक विशेषज्ञ सहित बाल अधिकार समितिबाट सदस्यहरु चयन हुनेछन् । अनुगमन तथा मूल्याङ्कन समितिको प्राप्त सुझाव सल्लाहका आधारमा नीतिमा समय सान्दर्भिक परिमार्जन तथा संशोधन गरिनेछ। बालबालिकासँग सम्बन्धीत सरोकारवालाहरुको संलग्नतामा अनुगमन र मूल्यांकन गर्नेछ।

### ४.६ नीतिको कार्यान्वयन र प्रसारण

हेटौंडा उपमहानगरपालिकाले यस नीतिको कार्यान्वयन तथा प्रसारणको दायित्व लिनेछ । हरेक शाखाले सम्पादन गर्ने कार्यमा बाल संरक्षणका सवाललाई जोडेर सेवा प्रवाह गर्नेको लागि अन्तरशाखा समन्वय नियमित गरिनेछ र कार्यान्वयनमा प्रभावकारिता ल्याईनेछ।

यस बाल संरक्षण नीति प्रत्येक वडाहरु, समुदाय र घरघरसम्म जानकारी गराउनका लागि व्यापक प्रचारप्रसार गरिने छ। त्यस्तै स्थानीय समुदायमा आधारित संस्थाबाट संचालन गरिने कार्यक्रमबिच समन्वय गरी बाल अधिकार संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिने छ। प्रत्येक वडाहरुका कार्यक्रममा बाल संरक्षण सम्बन्धी गतिविधिहरु थप्न र विस्तार गर्नका लागि सहजीकरण गरिने छ।

### ४.७ नीतिको पुनरावलोकन

बाल अधिकार संरक्षणका सवालहरुको गतिशिलताका आधारमा नीतिको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार नीतिगत समिक्षा गरी समसामयिक पुनरावलोकन गरिनेछ। सामान्यतया यस नीतिको ३ वर्षमा अनिवार्य नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको स्वतन्त्र रुपमा मूल्याङ्कन गरी नीतिमा पुनरावलोकन तथा सुधार गरिनेछ।

## अनुसूची

## अनुसूची १ आंचार संहिता

### क) हेटौंडा उपमहानगरपालिका लगायत सार्वजनिक संघसंस्था/निकायले पालना गर्नुपर्ने आंचार संहिता

- बालबालिका सम्बन्धी ऐन, २०७५ मा व्यवस्था गरिएका बाल अधिकारको संरक्षण र प्रवर्द्धन तथा बालबालिका सम्बन्धी बनेका नीति नियमहरुको गरिम्भरताका साथ पालना गर्नेछौं।
- बाल विवाह र बालश्रमसंग सम्बन्धीत ऐनहरुको कडाइका साथ कार्यान्वियनमा ल्याउनेछौं।
- हेटौंडा उपमहानगरपालिकाको सम्पूर्ण महाशाखा/शाखाहरुले बाल अधिकार र संरक्षण प्रति पूर्ण जिम्मवारी लिई सेवा प्रवाह गर्नेछौं।
- संगठित बालबालिकाको महत्व र आवश्यकता बारे बुझाउने, बाल समूह गठन र परिचालनमा सहयोग गर्नेछौं।
- बालबालिकाको विचार र भावनाको कदर गर्नेछौं र कुनै पनि प्रकारको प्रतिकूल व्यवहार गर्ने छैनौं।
- बालबालिकाको जात, धर्म, पेशा, लिङ्ग, भाषा र वर्गको आधारमा विभेद र अपमान गर्ने छैनौं।
- बालबालिकालाई हिंसा, दुर्व्यवहार, अपहेलना र उपेक्षाजन्य हर्कत गर्ने छैनौ र यस्ता हर्कतहरुबाट बालबालिकालाई संरक्षण गर्नेछौं तथा यस्तो हर्कत भएको देखेमा सम्बन्धीत निकायमा खबर गर्नेछौं।
- बालबालिकामाथि हुन सक्ने हिंसा, दुर्व्यवहार, अपहेलना र उपेक्षाको खुलेर विरोध गर्नेछौं र यस्ता बाल व्यभिचारजन्य आचरण तथा व्यावहार रोक्न लागि पर्नेछौं।
- बाल शिक्षा, स्वास्थ्य, पोषण र खोपको बारेमा सामुदायिक सचेतना अभिवृद्धि गर्नेछौं। साथै पूर्ण खोप र सुरक्षित मातृत्व सम्बन्धी जनचेतना अभियान गर्नेछौं।
- विद्यालयहरुको नियमित अनुगमन गर्नेछौं र आवश्यकता अनुसार सुधार गर्न सुझाब दिनेछौं। विद्यालयसंग उपलब्ध गरिब, जेहेन्दार तथा बाल संरक्षणको जोखिममा रहेका विद्यार्थीहरुलाई सामाजिक र आर्थिक साथ र सहयोग उपलब्ध गर्नेछौं।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको निरन्तर पहुँचमा राख्न बिशेष पहल गर्नेछौं।
- बालबालिकाको सरोकार राख्ने कार्यक्रममा अर्थपूर्ण बालसहभागिताको सुनिश्चितता गर्नेछौं।
- भौतिक संरचनाहरु निर्माण तथा मर्मत गर्दा बालमैत्री बनाउने छौं।
- बालबालिकालाई मादक पदार्थ, लागूपदार्थ र सूर्तिजन्य पदार्थ खरिद बिक्री एंव ओसारपसारको कार्यमा गरिने प्रयोगलाई निषेध गर्नेछौं।
- बाल अधिकार संरक्षण र प्रत्यक्ष सरोकारका विषयहरुमा कार्ययोजना निर्माण गर्दा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्दा परिपक्वताको आधारमा अर्थपूर्ण बालसहभागिताको सुनिश्चित गर्नेछौ।

### ख) व्यावसायिक कारोबार गर्ने संघ/प्रतिष्ठान र फर्मले पालना गर्नुपर्ने आंचार संहिता

- बालबालिका सम्बन्धी ऐन, २०७५ मा व्यवस्था गरिएका बाल अधिकारको संरक्षण र प्रवर्द्धन तथा बालबालिका सम्बन्धी बनेका नीति नियमहरुको गम्भिरताका साथ पालना गर्नेछौं।
- आफ्नो उद्योग, किनमेल केन्द्र, कलकारखाना लगायत व्यावसायिक स्थानहरुमा बालमैत्री वातावरण श्रृजना गर्नेछौं।
- बालबालिकाको जात, धर्म, पेशा, लिङ्ग, भाषा र वर्गको आधारमा विभेद र अपमान गर्ने छैनौं।

- बालबालिकाको विचार र भावनाको कदर गर्नेछौं र कुनै पनि प्रकारको प्रतिकुल व्यवहार गर्ने छैनौं।
- बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, अपहेलना र उपेक्षाको खुलेर विरोध गर्नेछौं।
- भौतिक संरचनाहरु निर्माण तथा मर्मत गर्दा बालमैत्री बनाउने छौं। धारा र शौचालय बालमैत्री बनाउने छौं।
- कानून विपरित हुने गरी बालश्रम प्रयोग गर्ने छैनौं। निकृष्ट बालश्रम प्रयोग गर्ने छैनौं।
- आफ्ना परिवारका बालबालिकालाई बाल श्रमिकको रुपमा प्रयोग गर्ने/गराउने छैनौं र दुर्व्यवहार हुन सक्ने वा जाखिम हुन सक्ने कुनै क्रियाकलापमा उनीहरुको संलग्नता गर्ने छैनौं।
- बालबालिकालाई मादक पदार्थ, लागूपदार्थ र सूर्तिजन्य पदार्थ खरिद बिक्री एंव ओसारपसारको कार्यमा संलग्न गर्ने छैनौं र सेवन गर्न लगाउने वा प्रोत्साहन पनि गर्ने छैनौं र उनीहरुको अगाडी सेवन पनि गर्ने छैनौं।
- बालबालिकाहरुलाई अश्लील वा उग्र हिंसा भएका अनुचित दृश्य, फिल्म र वेबसाईट हेर्न प्रोत्साहन गर्ने छैनौं।

### ग) अभिभावकले पालना गर्नुपर्ने आंचार संहिता

- बालबालिकाको पहिलो सिक्ने स्थान आमाबुवा र घरपरिवार तथा आफन्तहरु हो भन्ने राम्रो बुझेका छौं। आफ्ना बालबालिकाहरुको आधारभूत आवश्यकताहरु जस्तै शिक्षा, स्वास्थ्य, पोषण, पोसाक, खोप, हुर्कने वातावरण लगायतका कुराहरुमा सकारात्मक अभिभावकीय जिम्मेवारी सहित विशेष ध्यान दिनेछौं।
- परिवारमा बालबालिका छन् भन्ने महशुस गर्दै बालमैत्री पारिवारीक वातावरण सदैव श्रृजना गर्नेछौं। साना बालबालिकाहरुसंग खेल्न र रमाउन धेरै समय विताउने छौं।
- नियमित रुपमा बालबालिकाहरुले प्रयोग गर्ने स्थानहरु जस्तै धारा, चर्पी, अध्ययन र शयन कोठा, खेल्ने स्थानहरुको विशेष ख्याल गर्दै बाल मनोविज्ञानयुक्त सहज पहुंच हुने र प्रयोग गर्न मिल्न बनाउने छौं।
- बालबालिकालाई अनुशासित रुपमा मर्यादित परम्परा तथा व्यावहार सिकाउने छौं।
- आफ्ना बालबालिकाको जन्मदर्ता समयमै गराउने छौं, समयमै खोप लगाउने छौं र उमेर अनुसारको शिक्षा हासिल गर्न नियमित विद्यालय पठाउनेछौं।
- बालबालिकाको नियमित शारिरीक तथा घरेलु वातावरणको सरसफाई जस्तै नङ् काट्ने, कपाल कोर्ने स्नान गर्ने, दाँत माझ्ने, हात धुने, लेगा धुने र कोठा सफा गर्ने जस्ता कार्यहरुमा उनीहरुको संलग्नता गरी सहयोग गर्नेछौं।
- समयमा सन्तुलित पोषणयुक्त नास्ता र भोजन खुवाउने छौं र यसले शरीरमा पर्ने प्रभाव र महत्वको बारेमा जानकारी दिनेछौं।
- विद्यालयको अभिभावक भेलामा अनिवार्य सहभागि भै आफ्ना र छिमेकोको बालबालिकाको शैक्षिक प्रगतिबारे समिक्षा गर्नेछौं। विद्यालय अनुगमन गरी पूर्ण शैक्षिक वातावरण श्रृजना गर्न सहयोग गर्नेछौं। आफ्ना बालबालिकालाई अनुशासित र योग्य बनाउन सदैव लाग्नेछौं।
- विद्यालय र समुदायमा हुने अतिरिक्त कृयाकलापहरुमा समावेशी सहभागि हुन बालबालिकालाई प्रेरित गर्नेछौं।

- बालबालिकाको पठनपाठनमा जस्तै पढ्ने, लेख्ने र मनोरञ्जन गर्ने कार्यहरुमा विशेष ध्यान दिनेछौं र घरपरिवारमा बालमैत्री शैक्षिक वातावरण सिर्जना गर्नेछौं।
- बालसमूह र बाल संजालमा सहभागिताको लागि प्रोत्साहन गर्नेछौं र तालिमहरुमा सहभागिताको लागि सहयोग गर्नेछौं। समुदायमा आधारित बालसमूह र संजाल गठनमा सहयोग गर्नेछौं र बालबालिका सहित परिचालित हुनेछौं।
- बालबालिकालाई घरायसी निर्णय प्रक्रियामा सहभागि गराई आफ्नो कुरा निर्धक्कसँग भन्ने वातावरण सिर्जना गर्नेछौ।
- बालबालिकाको सरोकार र रुचीको विषयमा घरायसी निर्णय गर्दा उनीहरुको सहभागिता गर्नेछौं।
- बालबालिकालाई बाल अधिकार र बाल कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि दिनेछौं।
- व्यक्तिगत वा सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा बालमैत्री बनाउने छौं।
- बाल दुर्व्यवहार, अपहरण, अपहेलना, उपेक्षा जस्ता कार्यहरुबाट बचाउनका सदैव चनाखो रहनेछौं। बाल संरक्षणका सवालहरुमा सकारात्मक शिक्षा लिन अभिप्ररित गर्नेछौं।
- बालबालिकालाई शारीरिक तथा मानसिक आघात पुग्नेगरी पिट्ने वा शारीरिक रूपमा आक्रमण गर्नेछैनौं।
- अनुपयुक्त वा दुर्व्यवहारजन्य भाषाको प्रयोग लगायत बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउँने वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार गर्ने खालका कुनै पनि क्रियाकलाप गर्नेछैनौं
- बालबालिकालाई बालश्रमिकको रुपमा प्रयोग गर्ने/गराउने छैनौं। बाल विवाह गरिदिने छैनौं र यस्को हानीबारे सचेत गराउने छौं।
- विपन्न र अपाङ्गता भएका बालबालिकालाई सम्मान गर्नेछौं र सम्मान गर्न आफ्ना बालबालिकालाई सिकाउने छौं साथै आवश्यकता अनुसारको समायोजन गर्न सकिने वातावरण सिर्जना गर्नेछौं।
- बालबालिकालाई मादक पदार्थ, लागूपदार्थ र सूर्तिजन्य पदार्थ सेवन गर्न र ओसारपसारमा संलग्न गराउने छैनौं र समुदायमा हुन सक्ने यस्ता कार्यहरुलाई निरुत्साहित गर्न सक्रियताका साथ लाग्नेछौं। साथै बालबालिकाको अगाडि खरिदविक्री र प्रयोग गर्ने छैनौं।
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा प्रतिवद्धतका साथ लाग्नेछौं।

### घ) बालबालिकाले पालना गर्नुपर्ने आंचार संहिता

- आफ्नो शिक्षा, स्वास्थ्य, पोषण तथा सरसफाईको बारेमा ख्याल गर्ने र सदैव सचेत रहनेछौं।
- नियमित रुपमा विद्यालयको नियमानुसार विद्यालयमा उपश्थित हुनेछौं र आफूले नबुझेको, नजानेको कुरा शिक्षक र अभिभावकलाई सोध्ने, पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुनेछौं। विद्यालयले बनाएको नियमको परिपालना गर्नेछौं।
- विद्यालयको बैठकहरुमा आवश्यकता अनुसार संस्थागत उपश्थिति जनाउनेछौं र बाल सवालहरुमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरुको ध्यानाकर्षण गर्नेछौं।
- घरपरिवार विद्यालय वा समुदायमा उच्छृङ्खल व्यवहार नगरी अनुशासित बन्नेछौं।
- समय तालिका बनाएर पढ्ने, लेख्ने,खेल्ने, सुन्ने र संचार माध्यमको प्रयोग गर्नेछौं।
- धुम्रपान, सूर्तिजन्य र मादक पदार्थको प्रयोग गर्नेछैनौं र खरिदविक्रीमा पनि संलग्न हुने छैनौ।

- बाल स्वास्थ्य उपयुक्त पोशिलो खानेकुरा खानेछौं र आफ्नो परिवारको भाईबहिनीहरुलाई पनि खुवाउनेछौं तथा यसबारेमा बालसमूह र संजालमा छलफल गर्नेछौं। अभिभावकहरुलाई बाल स्वास्थ्य उपयुक्त पोशिलो खानेकुरा बनाउन अनुरोध गर्दै जानेका सीप सिकाउनेछौं।
- हाम्रा आधारभुत आवश्यकताहरु खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माया, संरक्षण लगायतका बाल अधिकार बारेमा जानाकारी राख्दै समुदायमा बाल अधिकार अभियान संचालन गर्नेछौं।
- आफ्नो उमेर नपुगी विवाह गर्नेछैनौं र कुनै पनि अवस्थामा विवाहको लागि मञ्जुर हुने छैनौं र समुदायमा हुन सक्ने बाल विवाहको विरुद्धका आवाज उठाउने छौं।
- बालविवाह, बालयौन दुर्व्यवहार र बालश्रमको बारेमा थाहा पाए सम्मका घटना सम्बन्धीत निकायमा जानकारी दिनेछौं।
- घरमा वा समुदायमा बालश्रम गर्नेछैनौं र बालश्रमबारे जानेको ज्ञान दौंतरीहरुलाई बताउने छौं।
- बालबालिकाको लागि विद्यालय र समुदाय स्तरमा संचालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागिता जनाउनेछौं।
- बालसमूह र संजालहरुमा सक्रिय सहभागिता जनाउनेछौं र सहभागिहरु कसैलाई पनि कुनै किसिमको भेदभाव गर्ने छैनौं।
- आफू सहभागि हुने कार्यक्रमको अग्रिम जानकारी लिनेछौं र लिखित अनुमती (आवश्यकता अनुसार अभिभावकको पनि) लिएर मात्र कार्यक्रममा सहभागि हुनेछौं।
- आफ्ना सवालहरुमा अर्थपूर्ण सहभागिताको जनाउने छौं र बाल अधिकारको प्रवर्द्धनको पक्षमा लाग्नेछौं र सरोकारवालाहरुको गम्भिर ध्यानाकर्षण गर्नेछौं।
- जन्मदर्ता नभएका र खोप नलाएका बालबालिकालाई पक्षमा वकालत गर्नेछौं।
- सामाजिक आर्थिक विपन्नता र संरक्षणको जोखिममा रहेका बालबालिकाको तथ्याङ्क संकलनमा हातेमालो गर्नेछौं र उनीहरुको स्तरोन्नतीको लागि सदैव लाग्नेछौं।
- हाम्रो समुदायमा भएका विद्यालयहरुको बालमैत्री शासनको अवस्थाबारे छलफल गर्नेछौं। विद्यालयमा बालमैत्री शौचालय तथा पिउने पानीको व्यवस्था गर्न अभियान संचालन गर्नेछौ।
- अपरिचित व्यक्तिको प्रलोभनमा फस्ने छैनौं, अभिभावकसँगको अनुमतिमा मात्र उनीहरुसंग व्यवहार गर्नेछौं।
- स्वास्थ्यसंग सम्बन्धीत नियमित गर्ने कार्यहरु जस्तै शौचालयको उचित प्रयोग र मिचिमिचि हातधुने कार्यहरुमा अशल बानी बसाल्नेछौं। साथै जंकफुड खाने बानी त्याग्नेछौं।
- विपन्न र अपाङ्गता भएका दौंतरीहरुसंग विना विभेद हातेमालो गर्नेछौं, अशर व्यवहार देखाउने छौं।
- विद्यालय वा समुदाय वा घरमा हुन सक्ने लैङ्गिक विभेद तथा हिंसां अन्त्यकालागि कृयाशिल रहने छौं र सामुहिक रुपमा यस्ता विभेद विरुद्ध पैरवी गर्नेछौं।
- विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई अभियान लगाएतका समुदायमा गरिने अभियानहरुमा बालसमूह/संजाल मार्फत सक्रिय सहभागिता जनाउने छौं र जनचेतना अभिवृद्धिको लागि खटिनेछौं।

## ङ) विद्यालयले पालना गर्नुपर्ने आंचार संहिता

- हेटौंडा उपमहानगरपालिकाको क्षेत्रभित्रका विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयको पहुँचमा ल्याउनेछौं।
- विद्यालयमा बालबलिका, अभिभावक र शिक्षकले पालना गर्नुपर्ने आंचार संहिता एंवम नीति नियमको निर्माण, अनुशिक्षण र कार्यान्वयन गर्नेछौं।
- बालबालिका तथा अभिभाबकलाई बालक्लबको महत्वबारे सचेत गराउनेछौं।
- घर परिवार र समाजमा बालमैत्री वातावरण सिर्जना गर्ने अभिप्रेरित गर्नेछौं।
- आवश्यकता अनुसार अभिभावक भेला आयोजना गर्नेछौं र बालबालिकाहरुको शिक्षण सिकाईबारे छलफल गर्नेछौं।
- बाल अधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभाबकहरुलाई बाल अधिकार सम्बन्धी सचेत गराउनेछौं।
- गरिब तथा जेहेन्दार बिधार्थीहरुलाई आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउन पहल गर्नेछै।
- हेटौंडा उपमहानगरपालिकालाई नीति तथा कार्यक्रम र नीतिगत योजनाहरु तर्जुमा गर्न सहयोग गर्नेछौं।
- बालसमूह र बाल संजालमा सहभागिताको लागि बालबालिकालाई प्रोत्साहन गर्नेछौं। समुदायमा आधारित बालसमूह र संजाल गठनमा सहयोग गर्नेछौं र बालबालिका सहित परिचालित हुनेछौं।
- बालबालिकालाई बाल अधिकार र बाल कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि दिनेछौं।
- विद्यालयमा हुने भौतिक संरचनाहरु निर्माण गर्दा बालमैत्री बनाउने छौं।
- विद्यालय परिसरमा बाल दुर्व्यवहार, अपहरण, अपहेलना, उपेक्षा जस्ता घटनाहरु घट्न नदिन सदैव चनाखो रहनेछौं।
- समुदायको आवश्यकता र मागको आधारमा बाल विकास केन्द्रको स्थापना तथा संचालन गर्नेछौं। कक्षा कोठाहरु बालमैत्री बनाउनेछौं र बाल सूचना केन्द्रको स्थापना गर्नेछौं।
- स्वच्छ पिउने पानीको व्यवस्था गर्नुका साथै सरसफाइ सम्बन्धी सचेतना जगाउनेछौं।
- दिवा खाना पोषणयुक्त बनाउनेछौं र स्वस्छ वातावरणमा खुवाउनेछौं। साथै सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबलिकालाई जानकारी दिनेछौं।
- विद्यालय भर्ना अभियान, खोप अभियान तथा सरसफाई अभियानहरुमा विद्यालय परिवारको सहभागिता सुनिश्चित गर्नेछौं।
- दण्डरहित शिक्षा प्रणली कार्यान्वयन गर्दै भय रहित तथा बालमैत्री विद्यालय निर्माण गर्नेछौं।
- बालबालिकालाई शारीरिक तथा मानसिक आघात पुग्नेगरी पिट्ने वा शारीरिक रूपमा आक्रमण गर्नेछैनौं।
- बालबालिकाहरुलाई उनीहरुको लिङ्ग, धर्म, शारिरीक बनोट र क्षमता, जाती, भाषा, संस्कृति, भूगोलको आधारमा विभेद गर्नेछैनौं र गर्न दिने छैनौं।
- बालबालिकाहरुलाई अश्लील वा उग्र हिंसा भएका अनुचित दृश्य,फिल्म र वेबसाईट देखाईने छैन।
- अपरिचित व्यक्तिहरुको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउनेछौं।

- अनुपयुक्त वा दुर्व्यवहारजन्य भाषाको प्रयोग लगायत बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउँने वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार गर्ने खालका कुनै पनि क्रियाकलाप गर्नेछैनौ र गर्नदिईने छैंन।
- सुझाव तथा गुनासो व्यवस्थापन समिति निर्माण गर्नेछौं र लैङ्गिक सम्पर्क शिक्षक तोक्नेछै।
- कक्षाकोठा शिक्षणमा शिक्षकहरुले मोवाईको प्रयोग गरी व्यक्तिगत कुराकानी गर्नेछैनन्। साथै कुनै पनि विद्यार्थीलाई विशेष महत्व दिने खालको व्यवहार हुने व्यवस्था गरिने छैन।
- विपन्न र अपाङ्गता भएका बालबालिकालाई सम्मान गर्नेछौं र सम्मान गर्न सबैलाई सिकाउने छौं।
- बालबालिकालाई मादक पदार्थ, लागूपदार्थ र सूर्तिजन्य पदार्थ सेवन गर्न र ओसारपसारमा संलग्न गराउने कार्यहरुलाई निरुत्साहित गर्न सक्रियताका साथ लाग्नेछौं।
- विद्यालय व्बस्थापन समिति लगायत विभिन्न समिति र बालबालिकासंग प्रत्यक्ष सरोकार राख्ने सवालहरुमा बालबालिकाहरुको अर्थपूर्ण सहभागिता गराउनेछौं, आफ्नो कुरा निर्धक्कसँग भन्ने वातावरण सिर्जना गर्नेछौ र निर्णय प्रक्रियामा सहभागि गराउनेछौं।
- विद्यालयले अतिरिक्त कृयाकलापहरुको आयोजना गर्नेछ र बालबालिकाहरुको समावेशी सहभागिता सुनिश्चित गर्नेछौं।
- शिक्षक, कर्मचारी र विद्यालय व्यस्थापन समितिले आंचार संहिताको गरिम्भरताका साथ पालना गर्नेछौ र विद्यालयलाई सुरक्षित शान्ति क्षेत्र बनाउने छौं।
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा प्रतिवद्धताका साथ लाग्नेछौं।

## अनुसूची २ कृयाकलाप

**बाल बचाउं र संरक्षणसंग सम्बन्धित**

- जन्म दर्ता सम्बन्धी सचेतना अभियान संचालन (टोल विकास संस्था, आमा समूह, स्वयम सेविका, बालसमूह) तथा ३५ दिन भित्र दर्ता गराउने अभिभावकलाई प्रशंसा तथा सम्मान कार्यक्रम। साथै जन्मदर्ता कम भएका वडा वा क्षेत्रको पहिचान गरी संघन अभियान संचालन।
- लिंङ्ग पहिचान गरी विभेद गर्ने र गर्भपतन गर्ने कार्यलाई अन्त गर्नकालागि सचेतनामूलक अभियान संचालन।
- स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सरोकारवालाहरुको समन्वय, विज्ञहरुको संलग्नता र सहकार्य तथा स्वास्थ्य केन्द्रहरुको परिचालनमा मातृ–शिशु स्वास्थ्य, गर्भवति र शिशुको पोषण, खोप, साना बालबालिकामा देखिने मौसमी रोगहरु, किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र स्वास्थ्य शिविरहरु आदिबारे अभिमूखीकरण, तालिम र कार्यशाला, प्रतियोगिताहरुको आयोजना।
- घर तथा विद्यालयमा जंकफुड प्रयोग न्यूनीकरणका लागि घरेलु खाना तथा खाजाका परिकारहरु सहित आमा समुहहरुमा महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत तालिम।
- सबैको घरमा स्वच्छ खानेपानी, स्वच्छ चर्पी र सुरक्षित हातधुने बानीको विकासको लागि सरोकारवालासंगको समन्वय र सहकार्यमा सामुदायिक जनचेतना अभिवृद्धि, ,चर्पी निर्माण, हात धुने स्थान बनाउन सहयोग सहित कार्यशाला/तालिम र निर्माण कार्यहरु।

- बाल विवाह र बालश्रमका सवालहरुलाई समाधान गर्न बालबालिका तथा अभिभावकहरुलाई अभिमूखीकारण/तालिम, विपन्न परिवार पहिचान र सहयोग, पिडितकालागि आवश्यक जस्तै उद्धार तथा संरक्षण, मनोसामाजिक परामर्श, पूनर्स्थापना र सहयोग कार्यक्रम।
- बालबालिका माथि हुने सबै प्रकारका दुर्व्यवहार, वञ्चितीकरण, शोषण, हिंसा र भेदभाव तथा शारीरिक संजाय एवम् यातनाबाट संरक्षित गर्न ऐन कानूनको व्यवस्था सहित ज्ञान र सीप सम्बन्धी समुदायमा संचेतीकरण कार्यक्रम।
- विद्युतीय/अनलाईनको कुनै पनि माध्यमको सदुपयोग र दुरुपयोगबाट हुने संभावित जोखिम तथा बाल मनोविज्ञान र रेखदेखबारे सकारात्मक अभिभावकत्व सम्बन्धी तालिम आयोजना।
- बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाहरुलाई घटना व्यवस्थापन तथा सिफारिस प्रणाली सम्बन्धमा तालिमको आयोजना।
- अनाथ, असहाय, सडकमा आएका वा बेवारीस अवस्थाका तथा पारिवारिक विखण्डनको असरमा परेका र परिवार/आफन्तबाट परित्यक्त बालबालिकाको लागि परामर्श, अस्थाई आवास, स्वास्थ्य र पोषण तथा पुनर्स्थापना तथा पारीवारिक पुनर्मिलनको लागि बालबालिका सम्बन्धमा कार्यरत संघसंस्थाहरुसंग एकिकृत कार्यक्रम निर्माण गरी कार्यान्वयन।
- दैनिक श्रममा आश्रित परिवारका बालबालिका तथा अति विपन्न परिवारका बालबालिकाहरुको तथ्याङ्क संकलन र सामाजिक र आर्थिक उन्नतीको लागि गैरसरकारी संस्थाहरुसंग समन्वय।
- विद्यालयलाई भयमुक्त शिक्षण सिकाई वातावरण तयार गर्न विद्यालय परिवारलाई तालिमको आयोजना।
- विद्यालयका लैंङ्गिक सम्पर्क शिक्षकहरुलाई मनोविमर्श सम्बन्धी तालिम दिई मनोविमर्शकर्ताको रुपमा खटाउने कार्यक्रम।
- विद्यालयमा बालबालिकाको नियमित स्वास्थ्य परिक्षणको कार्यक्रम।
- पानीको सहज उपलब्धता सहित छात्रामैत्री र अपाङ्गमैत्री शौचालय निर्माण कार्यक्रम।
- एचआईभी र एड्स विरुद्धको शिक्षा सम्बन्धी सामुदायिक चेतना अभिवृद्धिको लागि अभिमूखीकरण कार्यक्रम। साथै एचआईभी र एड्सबाट संक्रमित तथा प्रभावित बालबालिकाको स्वास्थ्य उपचार, पोषण लगायतका आधारभूत सेवा, पारिवारिक, सामुदायिक तथा संस्थागत पूनर्स्थापना कार्यक्रम।
- अपाङ्गता भएका बालबालिकाको मनोवल अभिवृद्धि र मर्यादित आचरणबारे विद्यालय र समुदायमा अभिमूखीकरण कार्यक्रम। साथै उनीहरुको निःशूल्क तथा विशेष शिक्षा कार्यक्रममा सहयोग।
- लागू औषध दुर्व्यसन र कुलतमा फसेका बालबालिकाको पुर्नस्थापनाका लागि गैरसरकारी संस्था र निजी क्षेत्रसंग समन्वय गरी उपचारात्मक तथा मनोविमर्शात्मक सहयोग कार्यक्रम। लागूपदार्थ दुर्व्यसन तथा ओसारपसार विरुद्ध विद्यालय र समुदायमा सचेतनामूलक कार्यक्रम।
- बालबिज्याईंमा परेका बालबालिकाको उद्धार, कानुनी संरक्षण, परामर्श, पुर्नस्थापना तथा बालमैत्री न्यायिक संरचना सुदृढीकरण कार्यक्रम।
- समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना, क्षमता विकास तथा व्यवस्थापन ।
- बाल विवाह र बालश्रमसंग सम्बन्धीत रणनितिक आवधिक योजना तर्जुमा।
- बाल अधिकार संरक्षणका लागि बालकोषको स्थापना र व्यवस्थापन।
- बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा कार्यक्रम।

- बालश्रममुक्त वडा घोषणा कार्यक्रम।
- बालबालिकाको अवस्थाबारे अनुसन्धान गरी बालबालिका स्थिति पत्र प्रकाशन र अध्यावधिक कार्य।
- बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था तथा सहयोगी निकायहरुको सूचीकृत गर्ने, सेवा मापन गर्ने तथा समन्वय, सहकार्य गरी बाल अधिकारको संरक्षणात्मक कार्यहरु गर्न साझेदारीको विकास।

**बाल सहभागिता र विकाससंग सम्बन्धित**

- बालबालिकाको लागि गरिने लगानी योजना तर्जुमाको लागि हेटौंडा उपमहानगरपालिकाद्धारा बालभेला आयोजना।
- उपमहानगरपालिका स्तरीय संजाल तथा बाल अधिकार समितिको आयोजनामा बाल अधिकार संरक्षण सम्बन्धी बालबालिकाहरुको क्षमता अभिवृद्धि कार्यक्रमहरुको आयोजना।
- बालसमूह तथा संजालहरुले बालबालिकासंग सम्बन्धीत कानूनको प्रभावकारी कार्यान्वयन तथा बाल सरोकारका सवालहरुलाई लिएर बनेको समितिहरुमा बाल सहभागिताकोलागि बाल पैरवी कार्यक्रम।
- विद्यालय, समुदाय लगायत बालबालिका सामूहिक र संस्थागत रुपमा रहने क्षेत्रहरूमा बालसमूह स्थापना गरी उपमहानगरपासमूहलिका स्तरको संजाल गठन तथा विस्तारमा बाल सहभागिता।
- विद्यालय शिक्षाबाट बाहिर रहेका युवा बालबालिकाहरुको शिक्षामा निरन्तरता र युवा बेरोजगारी अन्त्यको लागि आवश्यकतामा आधारित व्यावसायिक/प्राविधिक सीपमुलक तालिम निःशुल्क संचालन।
- बाल बगैंचा सहितको नमूना बालमैत्री विद्यालय निर्माणसंग सम्बन्धीत कार्यक्रम।
- सबै बालबालिकाको लागि जीवन उपयोगी सीप विकास तालिम आवश्यकता अनुसार आयोजना।
- सामुदायिक विद्यालयमा नमूना शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन।
- भयरहित शिक्षा तथा विद्यालय शान्ति क्षेत्र अभियान।
- अतिरक्त कृयाकलाप अन्तरगत बालबालिकासंग सम्बन्धीत विभिन्न प्रतियोगिताहरुको आयोजना।
- बालबालिकासंग सम्बन्धीत नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मुल्याङ्कनको कार्यमा बालबालिकासंग वडा स्तरीय सहभागितात्मक छलफलका कार्यक्रमहरु।

**<u>प्रमाणित गर्नेः</u>**
नामः मिना कुमारी लामा
पदः नगर प्रमुख
नगर सभाबाट स्वीकृत मितिः २०७९।०९।१४
प्रमाणीकरण मितिः २०७९।०९।१४